नबिल इक्वीटी फण्ड (Nabil Equity Fund)
योजनाको खारेजी सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०७/१६ गते कारोबार दैनिक)

नेपाल धितोपत्र बोर्डबाट मिति २०७३/०५/१४ मा योजना संचालन अनुमति प्राप्त गरी, यस कम्पनीले योजना व्यवस्थापक एवं डिपोजिटरी रुपमा कार्य गरी संचालनमा रहेको नबिल म्युचुअल फण्ड अर्न्तगतको बन्दमुखी सामुहिक लगानी योजना **"नबिल इक्वीटी फण्ड (NEF)"** को समयावधि नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त विवरण पुस्तिकाको बुंदा न.४ को उप बुंदा नं.४.२(च) मा योजना परिपक्व हुने मिति "योजनाको इकाई बाँडफाँड भएको मितिले ७ वर्ष" व्यवस्था गरिएको छ। सोही व्यवस्था बमोजिम यस योजनाको ईकाईहरु मिति २०७३/०७/१९ मा रितपूर्वक बाँडफाँड भई संचालनमा आएको मितिले निर्धारित ७ वर्षे समयावधि यही मिति २०८०/०७/१८ मा समाप्त भई योजना परिपक्व हुदैछ। सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३१ को उपनियम १(क) बमोजिम योजनाको निर्धारित समयावधि समाप्त भएमा त्यस्तो योजनालाई खारेजीमा लग्नुपर्ने व्यवस्था भएको हुँदा यस **"नबिल इक्वीटी फण्ड (NEF)"** योजनालाई खारेजी गर्नु परेको व्यहोराको जानकारी गराईन्छ।

सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३१ को उपनियम ६ मा योजना खारेज गर्नु परेमा योजना व्यवस्थापकले त्यसरी योजना खारेज गर्नुपरेको कारण बारे बोर्डलाई जानकारी दिनुका साथै राष्ट्रियस्तरको पत्रिकामा दुई पटक सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था भए बमोजिम नेपाल धितोपत्र बोर्डलाई मिति २०८०/०६/२९ को पत्रद्वारा आवश्यक जानकारी गराई सकिएको छ भने योजना खारेजी सम्बन्धी यो सार्वजनिक सूचना सम्पूर्ण ईकाइधनी तथा सरोकारवालाहरुको जानकारीको लागि दोश्रो पटक प्रकाशित गरिएको छ।

सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३१ को उपनियम ७ मा योजना खारेजी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरेपछि सो योजनाको कारोबार गर्न गराउन हुँदैन भन्ने व्यवस्था भए बमोजिम मिति २०८०/०७/१६ गते बिहीबारबाट **"नबिल इक्वीटी फण्ड (NEF)"** को ईकाईहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (NEPSE) मा कारोबार गर्न गराउन नमिल्ने गरी सूचीकरण खारेज भएको हुँदा **मिति २०८०/०७/१५ गते बुधबारको दिनसम्म रितपूर्वक कारोबार गरी कायम भएका इकाईधनीहरु मात्र योजनाको खारेजी पश्चात्को रकम फिर्ता भुक्तानी प्राप्त गर्न (Redemption) को लागि योग्य भएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।**

"नबिल इक्वीटी फण्ड (NEF)" खारेजी पश्चात् सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ को उपनियम ३ को व्यवस्था बमोजिम योजना अन्तर्गतको सम्पत्तिलाई नगदमा परिणत गरी रकम फिर्ता भुक्तानी प्राप्त गर्न (Redemption) को लागि योग्य भएका इकाईधनीहरुलाई स्वामित्वको आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोले प्रचलित कानुनी तथा नियामकिय प्रक्रिया पूरा गरी इकाईधनीहरुलाई रकम फिर्ता भुक्तानी गरिनेछ। यस क्रममा आवश्यकता अनुसार सार्वजनिक रुपमा पछि सूचना प्रकाशित गरी इकाईधनीहरुलाई जानकारी गराईनेछ।

नोटः उक्त योजनाको इकाईहरु खरीद गरी हालसम्म पनि आफ्नो नाममा रहेको इकाईहरु अभौतिकिकरण गरिनसक्नु भएका इकाईधनीहरुले यथाशीघ्र नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड वा नबिल बैंक लिमिटेडको शाखा कार्यालयहरु अथवा आफ्नो नजिकै रहेको निक्षेप सदस्यकोमा हितग्राही खाता खोली योजनाको इकाईहरु अभौतिकिकरण गर्नुहुन समेत यसै सूचना मार्फत अनुरोध गरिन्छ। साथै, विगतमा वितरण गरिएको नगद लाभांश लिन बाँकी इकाईधनीहरुले आफ्नो बैंक खाता अद्यावधिक गरी तथा इकाई धितो बन्धकी राखेको हकमा इकाई फुकुवा गरी सोको फुकुवा पत्र (Release Letter) यथाशिघ्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ।

कोष प्रवर्द्धकः

NABIL BANK®

नबिल बैंक लिमिटेड

प्रधान कार्यालय, दरबारमार्ग, काठमाण्डौ, नेपाल

फोनः १-४२२७१८१

Email: info@nabilbank.com, Url: www.nabilbank.com

योजना व्यवस्थापक एवं डिपोजिटरीः

NABIL INVESTMENT BANKING LTD.

(A Subsidiary of Nabil Bank Ltd.)

नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं,

फोनः ४५११६०४/४५११७३३, फ्याक्सः ४५१०५५४

Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

मिति २०८०/०७/१७ गतेको आर्थिक अभियान दैनिकमा दोश्रो पटक प्रकाशित ।